आज मिति २०७५/०७/२७ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

# बुद्धभूमी नगर कार्यपालिकाको मिति:२०७५।०७।२७ गतेको निर्णय

१. तराई मधेश समृद्धि कार्यक्रम योजना सम्बन्धमा।

निर्णय: आ.ब. २०७५।०७६ बाट लागू भएको तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम तराई मधेस समृद्धि कार्यक्रम सञ्चालन तथा व्यवस्थापन प्रक्रिया अगि बढाउन यस कार्यक्रम लागू हुने तराई मधेशका तोकिएका २७६ स्थानीय तह हरू मध्ये कपिलवस्तु जिल्लाको बुद्धभूमी नगरपालिका पनि पर्ने भएकोले बुद्धभूमी नगरपालिकाबाट देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरू माग एवं सिफारिस गर्ने निणर्य गरियो।

| क्र.स. | प्रस्तावित आयोजना/कार्यक्रम विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा समेत) | आयोजना क्षेत्र | अनुमानित लागत | | आयोजना सम्पन्न हुन अवधि | आयोजनाबाट लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (२०%) | | | |
| १ | पोखरी तथा जलाशय निर्माण | वडा नं. ३ | समयमाई थान ताल | २० लाख | ५ लाख | २०७५/०७६ | ५५०० | |
| | | वडा नं. ४ | बुडढी ताल | २० लाख | ५ लाख | २०७५/०७६ | ५००० | |
| | | वडा नं. ५ | मुगुरघाट ताल | २० लाख | ५ लाख | २०७५/०७६ | ४००० | |
| | | वडा नं. ९ | झरनिया ताल | २० लाख | ५ लाख | २०७५/०७६ | ५००० | |
| २ | खानेपानी ओभर हेड टंकी | वडा नं. १ | वीरपुर | ६० लाख | १५ लाख | २०७५/०७६ | ७००० | |
| | | वडा नं. ४ | मोर्मा प्रतापपुर | ६० लाख | १५ लाख | २०७५/०७६ | ५००० | |
| ३ | लिफ्ट सिचाई | वडा नं. १० | चेतरदेही | ८० लाख | २० लाख | २०७५/०७६ | ५००० | |
| ४ | डिप बोरिङ | वडा नं. २ | गोरूसिगें | ६० लाख | १५ लाख | २०७५/०७६ | ६००० | |
| | | वडा नं. ६ | महुवा | ६० लाख | १५ लाख | २०७५/०७६ | ६००० | |
| | | वडा नं. ७ | मानपुर | ६० लाख | १५ लाख | २०७५/०७६ | ६००० | |
| ५ | सडक कालोपत्रे निर्माण | वडा नं. ६, ७ ८ र १० | चेतरादेही-धनकैली-महुवा-नयाँनगर-दरखसवा-चरिगावा-पचिगावा | १२ करोड | ३ करोड | २०७५/०७६ र २०७६/०७७ | २०,००० | |
| ६ | सडक कालोपत्र निर्माण | वडा नं. ३ | पुरेना-घन्चौरा, भगुचोक, भुतैया हुदै गोरपुरे डाँडा | २ करोड ४०लाख | ६० लाख | २०७५/०७६ र २०७६/०७७ | १०००० | |

२. सर्वोच्च अदालतको रिट नं. ०७४-wo-०३१२ सम्बन्धमा।

निर्णय: यस बुद्धभूमी नगरपालिकामा पर्ने विभिन्न मुद्दा, रिटको प्रतिउत्तर लिखत जवाफ लगाउनेको लागि र नगरपालिकाको तर्फबाट विभिन्न मुद्दा दिनको लागि यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो। साथै निवेदक कमल प्रसाद खतिवडा समेतले यस नगरपालिका समेत उपर दिनु भएको रिट नं. ०७४-wo-०३१२ को लिखित जवाफ श्री सम्मानित सर्वोच्च अदालतमा मिति २०७५।०७।०८ मा यस नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री मेघनाथ पाध्याबाट दिइएको लिखित जवाफको पनि अनुमोदन गर्ने निर्णय गरियो।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत (उपसचिव)

Scanned by CamScanner

३. विविध:

- वडा स्तरीय रक्तदान कार्यक्रम सम्बन्धमा
  निर्णय: बुद्धभूमी नगरपालिकाका सबै वडाहरूमा वडा कार्यालयको नेतृत्वमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

- नगर स्तरीय मेयर कप खेलकुद सम्बन्धमा।
  निर्णय: आ.ब. २०७५/७६ के विनियोजित खेलकुद कार्यक्रम तर्फ वडा स्तरीय कार्यक्रम यही २०७५ मंसिर १५ गते सम्म सम्पन्न गर्ने र नगर स्तरीय खेलकुद कार्यक्रम २०७५ पौष पहिलो हप्ता भित्र समपन्न गर्नको लागि आवश्यक तयारी गर्नको लागि सम्बन्धित वडा, विद्यालयहरूमा जानकारी गराउने निर्णय गरियो साथै व्याडमिन्टन खेलको लागि बुद्धभूमी नगरपालिका वडा नं. २ बुद्ध भृकुटी व्याडमिन्टन क्लबद्धारा प्रस्तावना माग गरी व्याडमिन्टन खेल सम्पन्न गराउनको लागि जिम्मा दिने निर्णय गरियो।

- उपभोक्ता समितिको लागि प्रतिनिधि तोक्ने सम्बन्धमा।
  निर्णय: आ.ब. २०७५/०७६ को लागि तेस्रो नगर सभाबाट पारित उपभोक्ता समिति गठन सम्बन्धि कार्यविधि बमोजिम नगर स्तरीय योजनाहरूको हकमा उपभोक्ता सिमित गठनको लागि नगर कार्यपालिकाबाट प्रतिनिधि तोकिने प्रावधान भए बमोजिम प्रतिनिधि तोकी पठाउनको लागि नगर प्रमुख ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो।

- ई-रिक्सा स्टिकर छपाई खर्च भुक्तानी सम्बन्धमा।
  निर्णय: यस बुद्धभूमी नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका ई रिक्साहरूका लागि बुद्धभूमीको लोगो इंकित स्टिकर छपाई गर्दा रू. २०,०००।- (अक्षरूपी बीस हजार) खर्च भएकोले भुक्तानी दिने निर्णय गरियो।

- इट्टा भट्टाका लागि बलौटे माटो संकलन दररेट सम्बन्धमा।
  निर्णय: यस नगरपालिका क्षेत्र भित्र स्थापित इट्टा भट्टाहरूका लागि बलौटे माटो संकलनका लागि नियमानुसार प्रदेश सरकारबाट तोकिए अनुसारको माटोको एकमुष्ट रोयल्टी लिने निर्णय गरियो।

- शितलहर तथा जाडोयामको पूर्व तयारी सम्बन्धमा।
  निर्णय: बुद्धभूमी न.पा. मा शितलहरबाट हुन सक्ने प्रभावलाई रोक्न अति विपन्न टोल, व्यक्तिहरुको नाम नामेसी पेश गर्ने भनी जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट पत्राचार भएकोमा प्रत्येक वडाहरुबाट विपन्न टोल, समुदाय, व्यक्तिको नाम नामेसी मात्र पठाउन वडा कार्यालयहरूमा पत्राचार गर्ने र साथै नगरपालिकाले ३ चट्टा दाउरा खरिद गरी वितरणको लागि व्यवस्था गर्ने भनी निर्णय गरियो।

- मर्मत सम्भार कोष तर्फको रकम खर्च सम्बन्धमा।
  निर्णय: आ.व. २०७५/०७६ को तेस्रो नगर सभाबाट पारित (नगरस्तरीय) मर्मत सम्भार कोषबाट मर्मत सम्भार कामको लागि नगर प्रमुख ज्यूबाट आवश्यक र औचित्य बुझि कार्यान्वयन गर्नका लागि अधिकार प्रत्यायोजन गरियो साथै सोही बमोजिम विनियोजित रकम खर्चको सुनिश्चिताका लागि प्रमुख प्रशासकिय अधिकृत लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

- लागत सहभागिता सम्बन्धमा।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

Scanned by CamScanner

निर्णय: बुद्धभूमी नगरपालिकाको तेस्रो नगर सभाबाट विनियोजित लागत सहभागिता कार्यक्रम तर्फ ५०/५०, ६०/४० उल्लेख भएता पनि ७०/३० छपाईमा छुट हुन गएकोले उक्त ७०/३० लाई कार्यक्रममा समावेश गर्ने र उक्त लागत साझेदारीमा काम गर्न इच्छुक समुदाय लगायत, प्रत्येक वडाहरूबाट २०७५ मंसिर मसान्त सम्ममा योजना माग गर्ने निर्णय गरियो ।

- आय व्यय सम्बन्धमा ।
  निर्णय: यस नगरपालिकाको आ.व. २०७५/७६ को प्रथम चौमासिक आय व्यय विवरण लेखा शाखाबाट प्रस्तुत भए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।
- लेखा परीक्षण सुचीकृत सम्बन्धमा ।
  निर्णय: यस नगरपालिका अन्तर्गत रहेका शैक्षिक संस्थाहरूको आ.व. २०७४/७५ को लेखा परीक्षण गर्न गराउनको लागि स्थानीय निकायमा जिम्मेवारी प्राप्त भए बमोजिम यस बुद्धभूमी नगरपालिकाको मिति २०७५।७।१२ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका लेखा परीक्षकहरूको कागजात हेरी नगर प्रमुख ज्यूको समन्वयमा लेखा परीक्षण गराउने व्यवस्था मिलाउन निर्णय गरियो ।
- बाल विवाह मुक्त वडा घोषणा सम्बन्धमा ।
  निर्णय : बुद्धभूमी नगरपालिकाको वडा नं. २ लाई मिति २०७५।७।३० गते बाल विवाह मुक्त वडा घोषणा हुन गई रहेकोले सम्पूर्ण जनप्रतिनिधीहरू उपस्थित भई कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न गर्ने निर्णय गरियो ।
- झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
  निर्णय : यस बुद्धभूमी नगरपालिका अन्तर्गत तपसिलका खेलहरूमा लुम्बिनी एकिकृत विकास संस्था तौलिहवाको सहयोगमा आ.ब. २०७४/०७५ देखि निर्माण क्रममा रहेको हुँदा यस नगरपालिकाबाट आवश्यक पर्ने सहयोग गर्ने साथै यस आर्थिक वर्ष २०७५/०७६ मा तपसिलका स्थानहरूमा सर्वे डिजाइन गरी कार्यान्वयनको लागि सोही संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | ठेगाना | घाट | आ.ब. |
|---|---|---|---|
| १ | वडा नं. १ | टिक्कर- रामदतिवन जाने (कुन्द्रे खोला) | २०७४/७५ |
| २ | वडा नं. ३ | रनगाई - धमौली (घोघवा खोला) | २०७४/७५ |
| ३ | वडा नं. ४ र ८ | कुमालटोल -अमहवा (गुडरूङ खोला) | २०७४/७५ |
| **आ.व २०७५/७६ को लागि सर्वे डिजाइन** | | | |
| १ | वडा नं. ३ | टाँकु-मसुरे जाने खोला | झोलुङ्गे पुल |
| २ | वडा नं. ७ र ८ | बनरडिहवा-परशुरामपुर (बेल नदी) | " |
| ३ | वडा नं. १० | देउपुरा-पोखरहवा (घोरही नाला) | ट्रस ब्रिज |

- आर्थिक सहयोग सम्बन्धमा:
  १. बुद्धभूमी नगरपालिका वडा नं. २ स्थित श्री जयनगर सामुदायिक खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई पानी तान्ने मोटर खरिदको लागि मर्मत संभार कोषबाट रू. ७५,०००।- (पचहत्तर हजार मात्र) दिने निर्णय गरियो ।

... कुमार श्रेष्ठ
नगर प्रमुख

... थापा
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

Scanned by CamScanner

२. यस नेवा:देय् दबू (नेवा: राष्ट्रिय मञ्च) बुद्धभूमी नगर समिति कपिलवस्तुले नेपाल सम्बत् ११३९ नयाँ बर्ष मनाउनको लागि रू. २०,०००।- दिने निर्णय गरियो।

३. बुद्धभूमी नगरपालिका वडा नं. १ कपासी नयाँ वस्तीमा खानेपानी पाइप मर्मत सम्भारको लागि मर्मत सम्भार कोषबाट रू. ५०,०००।- दिने निर्णय गरियो।

४. बुद्धभूमी नगरपालिका वडा नं. ९ डुमरी बस्ने आगलागी पिडित सुकई कुर्मीलाई दैविक प्रकोप शिर्षकबाट रू. ५,०००।- दिन निर्यण गरियो।

५. बुद्धभूमी नगरपालिका वडा नं. ५ निवासी प्रभु नाथ थारूको दाहिने हंर प्यारालाइसिस भएकोले रू. ५,०००।- आर्थि क सहयोग गर्ने निर्णय गरियो।

६. बुद्धभूमी नगरपालिका वडा नं. ४ निवासी सन्तोष सुनारलाई पेटको उपचारका लागि रू. ५,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

७. वडा नं. १ चंघाटिनी देवी मन्दिरमा पुजा सम्पन्न गर्नको लागि रू. ५,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो।

८. वडा नं. ४ सुर्य बहुउद्देश्यीय सहकारी संस्था बाट रक्तदान शिविर सञ्चालनको लागि रू. १९,०००।- (अक्षरूपी उन्नाइस हजार मात्र) आर्थिक सहयोग शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

Scanned by CamScanner